प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# पोखरा प्राविधिक शिक्षालय

**फूलवारी, पोखरा-१२, कास्की**

**सिलबन्दी बोलपत्र नं. CTEVT-PTS-SECURITY-SQ-2083/084-01**

**(सुरक्षाकर्मी सेवा आपूर्ति सम्बन्धी) सिलबन्दी बोलपत्र प्रस्ताव**

सूचना प्रकाशित मितिः २०८३/०५/१६ गते

सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०५/२२ गते कार्यालय समय भित्र।

सिलबन्दी दरभाउ पत्र खोल्ने मितिः २०८३/०५/२३ गते दिउसो १४:०० बजे।

सिलबन्दी दरभाउ पत्र दाताको नाम र ठेगाना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# पोखरा प्राविधिक शिक्षालय

फूलवारी, पोखरा-१२, कास्की

सम्पर्क न. 061-522040/528040

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचनाका शर्तहरू**

(संशोधन सहित दोस्रो पटक सूचना प्रकाशित मिति २०८३/०५/१६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पोखरा प्राविधिक शिक्षालय फूलवारी, पोखरा-१२, कास्कीमा कार्यालय सुरक्षा सेवा आपूर्ति गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधीनमा रही रीतपुर्वकको सिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्न आह्वान गरिन्छ।

**शर्तहरू:**

१. सिलबन्दी दरभाउपत्र सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (सो दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) कार्यालय समय भित्रमा www.ptspokhara.edu.np मार्फत डाउनलोड गरि रीतपुर्वक भरी बुझाउनु पर्ने छ । रीत पूर्वक भरि यस शिक्षालयमा बुझाएका सिलबन्दी दरभाउपत्रहरू मितिः २०८३/०५/२३ गते दिउसो १४:०० बजे सम्बन्धित सिलबन्दी दरभाउपत्र दाताहरूको रोहबरमा यस कार्यालयमा (सिलबन्दी दरभाउपत्र दाता उपस्थित नभए पनि) खोलिनेछ।

२. सिलबन्दी दरभाउपत्र फाराम संगै फर्म/संस्था/कम्पनीको दर्ता नवीकरण इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता वा कर दाखिला वा कर दाखिला म्याद थपको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेस गर्नुपर्नेछ।

३. सिलबन्दी दरभाउपत्र फाराम साथ सिलबन्दी दरभाउपत्र जमानत (बिडबन्ड) बापत रू. ३००००/- (अक्षरेपी तीस हजार रूपैयाँ मात्र) पोखरा प्राविधिक शिक्षालय, फूलवारी, पोखरा-१२, कास्की को नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको महेन्द्रपुल शाखाको खाता नं. 343010006466001 (धरौटी खाता) मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो बराबरको नेपाल स्थित 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानत पत्र अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव दर्ता गराउन चाहने प्रस्तावदाताले सिलबन्दी दरभाउपत्र को जमानत (बिडबन्ड) समेत संयुक्त उपक्रमकै नाममा अनिवार्य रुपमा पेस गर्नु पर्नेछ।

४. सिलबन्दी दरभाउपत्र दाताले कबोल गरेको दररेट तथा कुल रकम अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ केरमेट भएकोमा सहि छाप नभएको दरभाउप्र मान्य हुने छैन।

५. सिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा यस कार्यालयको नाम, सिलबन्दी दरभाउपत्र नं. र कार्यको नाम स्पष्ट रुपमा लेख्नुपर्नेछ। सिलबन्दी दरभाउपत्रमा सिलबन्दी दरभाउपत्र दाताको नाम, ठेगाना, दस्तखत, छाप र सम्पर्क नम्बर अनिवार्य रुपमा हुनुपर्नेछ।

६. म्याद नाघेको वा रीत नपुगेको वा एउटाको नामबाट खरिद भई अर्काको नाममा दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र फारामलाई मान्यता दिइने छैन।

७. सिलबन्दी दरभाउपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

८. प्रस्तावकले सिलबन्दी दरभाउपत्र फाराम www.ptspokhara.edu.np बाट Download गरी रीतपुर्वक भरी दर्ता गर्नुपर्नेछ।

९. अन्य शर्तहरू सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। सूचना र सिलबन्दी दरभाउपत्रमा उल्लेख नभएका कुराहरूको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६२ (संशोधन समेत), श्रम ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ (२०८३ संशोधन सहित ), सार्वजनिक खरिद नियमावली २०६४ (पन्ध्रौ संशोधन समेत) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

१०. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको फोन 061-522040/528040 मा सम्पर्क राखी बुझ्न सकिनेछ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

# पोखरा प्राविधिक शिक्षालय

फूलवारी, पोखरा-१२ कास्की

सिलबन्दी दरभाउपत्र नं. **CTEVT-PTS-SECURITY-SQ-2083/084-01** (सुरक्षाकर्मी सेवा आपूर्ति सम्बन्धी)

कार्य विवरणः प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् को आंगिक शिक्षालय पोखरा प्राविधिक शिक्षालयमा सुरक्षा सेवा उपलब्ध गराउने ।

सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०५/२२ गते कार्यालय समय भित्र ।

सिलबन्दी दरभाउ पत्र खोल्ने मितिः २०८३/०५/२३ गते दिउसो १४:०० बजे ।

स्थानः प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पोखरा प्राविधिक शिक्षालय, फूलवारी, पोखरा-१२ कास्की ।

सिलबन्दी दरभाउपत्र दाताको नाम:-

सिलबन्दी दरभाउपत्र दाताको ठेगाना:-

सम्पर्क न.:-

ईमेल ठेगाना:-

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# पोखरा प्राविधिक शिक्षालय

**पोखरा-१२,कास्की**

श्रीमान् शिक्षालय प्रमुखज्यू,

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,

पोखरा प्राविधिक शिक्षालय

पोखरा-१२,कास्की

महोदय,

१. मैले/हामीले सिलबन्दी दरभाउपत्र साथ उल्लेख भएको कार्य विवरणको शर्तहरु, परिमाणको मूल्यपत्र आदि कागजातहरु राम्रोसँग जाँच तथा अध्ययन गरेपछि म/हामी तल सहीछाप गर्नेले रु. (अक्षरेपी…………………………….....) मा उल्लेखित शर्तहरु, परिमाणको मुल्य पत्र (Bill of Quantity) आदि अनुसार सम्पूर्ण कार्य पूरा गर्न मञ्जुरी जनाई यो प्रस्ताव पेश गरेको छु/गरेका छौं।

२. मैले/हामीले पेश गरेको प्रस्ताव ४५ दिन सम्म मान्य हुनेछ ।

३. मैले/हामीले प्रस्ताव दिने बारेको निर्देशन तथा शर्तहरुमा उल्लेखित सबै बुँदाहरू अध्ययन गरी निर्देशन तथा शर्तहरु र परिमाणको मूल्यपत्रको पालना गर्न मञ्जुर गर्नुका साथै सो अनुसार कार्यान्वयन हुनेछ भन्ने कुरा राम्रोसँग बुझेको छु/छौं।

४. मेरो/हाम्रो प्रस्ताव स्वीकृत भएमा त्यस कार्यालयबाट स्वीकृत भएको पत्र (Notification of Award) द्वारा निर्धारित समयमा तोकिएको परफरमेन्स बण्ड सहित ठेक्का सम्झौता गर्न उपस्थित हुनुको साथै सेवा करार सम्झौताका शर्तहरु निर्धारित समयमा सम्पन्न गर्नु पर्नेछ भन्ने कुरा बुझेको छु/छौं।

५. सेवा करार/सम्झौता नभएसम्म यो प्रस्तावमा स्वीकृति जनाइएका विषयहरू सेवा करार सम्झौताको अभिन्न अङ्ग मानिने छ।

६. यो प्रस्ताव अनुसारको खरिद कार्यमा मेरो/हाम्रो कुनै किसिमको स्वार्थ नबाँझिएको स्वघोषणा गर्दछु/गर्दछौ

७. बिना कारण जनाई आंशिक वा पूरा प्रस्ताव स्वीकृत गर्ने सम्पूर्ण अधिकार त्यस कार्यालयलाई सुरक्षित रहेको कुरा मैले/हामीले बुझेको छु/छौं।

८. प्रस्तावमा उल्लेखित सम्पूर्ण शर्तहरु पालना गर्न म/हामी मन्जुर छु/छौँ।

प्रस्तावदाताको नाम (फर्म /संस्था/कम्पनी) :

स्थायी ठेगाना :

पत्राचार गर्ने ठेगाना :

फोन र फ्याक्स नं., पो.ब.नं. :

इमेल ठेगाना

फर्मको छाप :

………………………………….

(आधिकारिक व्यक्तिको हस्ताक्षर)

नाम :

दर्जाः

मिति :

संस्था/फर्म/कम्पनीको छापः

## सुरक्षाकर्मी सेवा आपूर्ति गर्ने प्रस्तावः

"प्रस्तावना": गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसरलाई पहुँच योग्य बनाई शिक्षा र सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग अन्तर सम्बन्धित गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान गर्न सक्ने आधारभूत, तथा मध्यमस्तरको आधारभूत, मध्यम तथा उच्च स्तरका विशिष्ठिकृत प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्य राखी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प्राविधिक शिक्षाको विकास र विस्तारका लागि स्थापित कार्यालय भवन तथा अन्य कार्यालय/संरचनाहरुको सुरक्षालाई मध्यनजर गरि कार्यालयको भौतिक/अभौतिक चल-अचल सम्पातिको सुरक्षा दिन सकियोस् भन्ने उद्देश्य राखी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, अन्तर्गतको आङ्गीक शिक्षालय पोखरा प्राविधिक शिक्षालय, पोखरा-१२,कास्कीमा सुरक्षा सम्बन्धी सेवा करारबाट आपूर्ति गर्न चाहने नेपाल सरकारबाट यस्तो सुरक्षा सेवा प्रदान गर्न इजाजतपत्र प्राप्त गरेका सेवा प्रदायक संस्था/फर्म/कम्पनीहरूबाट सिलबन्दी दरभाउ पत्र प्रस्ताव माग गरिएको छ।

**१. परिभाषा :**

क) "ऐन " भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ (संशोधन सहित) सम्झनु पर्दछ।

ख) "कार्यालय प्रमुख" भन्नाले पोखरा प्राविधिक शिक्षालयका शिक्षालय प्रमुखलाई सम्झनुपर्छ।

ग) "कार्यालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालयको रुपमा स्थापित पोखरा प्राविधिक शिक्षालयलाई सम्झनुपर्छ।

घ) "ठेकेदार" भन्नाले प्रस्तुत सिलबन्दी दरभाउ पत्र अनुसारको कार्य गर्न/गराउन मन्जुर भैँ सिलबन्दी दरभाउ पत्र पेश गरेको सिलबन्दी दरभाउ पत्र दाताको प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भै कार्यालयबाट निजको प्रस्ताव स्वीकृत गरि सम्झौता भएको फर्म कम्पनी समेतलाई जनाउने छ।

ङ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस सिलबन्दी दरभाउ पत्र तथा सम्झौतामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

च) "नियमावली" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ (संशोधन सहित) सम्झनु पर्दछ।

छ) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदलाई सम्झनु पर्दछ।

ज) "विनियमावली" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैठौं संशोधन सहित) सम्झनु पर्दछ।

झ) "सवारी साधन" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको आफ्नो स्वामित्वमा रहेको तथा परिषदले आफ्नो प्रयोजनको लागि भाडा/ठेक्कामा लिएको सवारी साधन समेतलाई जनाउँदछ।

ञ) "सुरक्षा सेवा" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पोखरा प्राविधिक शिक्षालयको हाता भित्र आफ्नो स्वामित्वमा रहेका कार्यालय भवन तथा अन्य कार्यालय/संरचनाहरू लगाएत सबै भौतिक/अभौतिक चल-अचल सम्पतिको सुरक्षालाई जनाउनेछ।

ट) "सुरक्षाकर्मी" भन्नाले प्रस्ताव दाताले करार बमोजिम आपूर्ति गर्न खटाइएका सुरक्षा दिने व्यक्तिलाई सम्झनुपर्छ।

**२. प्रस्ताव सम्बन्धी निर्देशन तथा शर्तहरुः**

***२.१ प्रस्तावको आधार***

प्रस्ताव दिने बारेको निर्देशन तथा शर्तहरु निम्नानुसारका कागजातहरूको आधारमा कार्यान्वयन गरिनेछ।

क) सिलबन्दी दरभाउपत्र प्रस्ताव,

ख) करार सेवाका शर्तहरु,

ग) परिमाणको ईकाई दररेट,

घ) सुरक्षा गार्डका लागि आवश्यक न्युनतम योग्यता,

ङ) सुरक्षा गार्डले गर्नुपर्ने कार्यहरु,

च) करार सम्बन्धी मुख्य मुख्य शर्तहरु,

छ) प्रस्तावमा उल्लेखित अन्य शर्तहरु,

ज) कालो सूचीमा दर्ता नभएको स्व-घोषणा पत्र,

झ) सामाजिक सुरक्षा कोषमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी,

ञ) प्रस्तावदाताले उल्लेखित सुरक्षाकर्मीसंग गरिएको कार्य सम्पादन करारका शर्तहरु।

***१.२ प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः***

क) सिलबन्दी दरभाउपत्र प्रस्ताव,

ख) मूल्य परिमाणको इकाई दररेट,

ग) प्रस्ताव अनुसारका सुरक्षा सेवा सम्बन्धी कार्यको लागि ईजाजत प्राप्त संस्था, कम्पनी वा फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

घ) संस्था/कम्पनी/फर्म आयकर दर्ताको स्थायी लेखा नम्बर (PAN) र मुल्य अभिबृदी कर (VAT) मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

ङ) गत आ.व. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाणपत्र वा गत आ.व. सम्मको कर विवरण दाखिला गरेको प्रमाणको प्रमाणित प्रतिलिपि वा म्याद थपको कागजात।

च) प्रस्तावदाताले प्रतिनिधि तोकेको भए सो को अख्तियारनामाको सक्कल पत्र।

छ) सिलबन्दी दरभाउ पत्र दाता सामाजिक सुरक्षा कोषमा दर्ता भई नियमानुसारको नियमित सामाजिक कोषमा योगदान (समयावधि भित्र जम्मा गरेको हुनु पर्ने) गरेको पुष्टि हुने प्रमाण सिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ।

ज) सिलबन्दी दरभाउ पत्र दाताले प्रस्तावसाथ लेखा परीक्षण भएको विगत ३ (तीन) आर्थिक वर्षको वित्तीय विवरणहरू (Profit/ Loss Account, Balance Sheet and Others) पेस गर्नु पर्नेछ। संयुक्त उपक्रम (Joint Venture) को हकमा सबै साझेदारहरूले सो विवरण पेस गर्नु पर्नेछ।

झ) Average Annual Turnover: सिलबन्दी दरभाउ पत्र दाताको विगत ३ (तीन) आर्थिक वर्षको Average Annual Turnover कम्तीमा रु. १० लाख भन्दा बढी हुनु पर्नेछ।

ञ) चालु पुँजि (Working Capital/Credit Line) कम्तीमा तीन महिना अवधिको लागि रु ४,४७,२७०/- (चार लाख सतचालीस हजार दुई सय सत्तरी रुपैया मात्र) भन्दा बढी हुनु पर्नेछ।

ट) सिलबन्दी दरभाउ पत्र दाताले सरकारी वा अर्धसरकारी वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थामा सुरक्षाकर्मी आपूर्ति गरेको कम्तीमा ३ (तिन) वर्षको अनुभव हुनु पर्नेछ। त्यस्तो संस्थाले सन्तोष जनक कार्य सम्पादन गरेको भनी हालसालै दिएको प्रमाण समेत पेश गर्नु पर्नेछ।

ठ) सिलबन्दी दरभाउ पत्र दाताले विगत तिन आ.व.मा विभिन्न ठेक्काबाट कम्तीमा १८ जना र एउटै ठेक्का/सम्झौताबाट कम्तीमा ६ जना सुरक्षाकर्मी आपुर्ती गरेको अनुभव पेश गर्नुपर्नेछ।

ड) सिलबन्दी दरभाउ पत्रमा माग गरिएका सेवा शर्तहरु पुरा नगर्ने सिलबन्दी दरभाउ पत्र दाताको सिलबन्दी दरभाउ पत्र मान्य हुनेछैन।

### ३. प्रस्तावको तयारीः

प्रस्ताव र सो सम्बन्धी अन्य कागजातहरू स्पष्ट नभएमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् पोखरा प्राविधिक शिक्षालय (जसलाई यस पछिका प्रकरणहरूमा कार्यालय भनि सम्बोधन गरिएको छ) बाट लिखित वा मौखिक जानकारी लिई प्रस्ताव दाखिला गर्न सकिनेछ।

### ४. कार्य परिमाणको व्याख्याः

परिमाण र इकाई दररेट भन्नाले प्रस्तावमा अकिंत परिमाण (आपूर्ति गरिने क्षेत्र गत सुरक्षाकर्मी संख्या) र सो को इकाई दरलाई बुझाउदछ। ठेकेदारले बोल कबोल गरेको प्रति सुरक्षाकर्मीको मासिक ज्याला दररेट कायम हुने गरि सुरक्षाकर्मी संख्या थपघट गर्न सकिनेछ। ठेकेदारले पुरा गरेको वास्तविक कार्य परिमाणको आधारमा नेपाली मुद्रामा चेक वा विद्युतीय प्रणाली मार्फत रकम भुक्तानी गरिनेछ। प्रस्तुत सुरक्षा सेवा करार कार्यालयलाई आवश्यक नभएमा कम्तीमा ३० (तिस) दिनको पुर्व जानकारी दिई करार अन्त्य गर्न सकिनेछ।

### ५. प्रस्ताव दाखिला गर्न लागेको खर्चः

प्रस्ताव तयार गरि दाखिला गर्न लागेको सम्पूर्ण खर्च प्रस्ताव दाता स्वयमले व्यहोर्नु पर्नेछ।

### ६. प्रस्ताव भर्नेः

प्रस्ताव दाताले कार्यालयबाट प्राप्त गरेको फाराममा लेखिए बमोजिम सबै कुराहरू खुलाई प्रत्येक पानामा सही छाप गर्नु पर्दछ। प्रस्ताव फाराम साथ आवश्यक सबै कागजातहरू पेश गर्नु पर्नेछ। परिमाणको मुल्यपत्र (BOQ) को निर्दिष्ट स्थानमा प्रति सुरक्षाकर्मीको मासिक पारिश्रमिक, वार्षिक तलबवृद्धि, नियमानुसार संचयकोष, उपदान, सामाजिक सुरक्षा कोष (औषधोपचार/दुर्घटना बीमा सहित) बापतको रकम तथा सबै किसिमका बिदाको रकम र श्रम ऐनले निर्दिष्ट गरे बमोजिम समावेश गरिएकोले परिमाणको मुल्यपत्र (BOQ) मा ति महलहरूको रकम असंशोधनीय हुने गरि राखिएको छ। प्रस्तावकले परिमाणको मुल्यपत्र (BOQ) मा सेवा प्रदायकको व्यवस्थापन खर्च (ओभर हेड) को महलमा मात्र प्रति सुरक्षाकर्मी प्रति महिना हुने रकम अनुसूची (४) को ढाँचामा अंक र अक्षरमा प्रस्टसँग भरि पेस गर्नु पर्नेछ। दररेट भर्दा नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका सम्पूर्ण करहरू समावेश गरि नेपाली मुद्रामा भर्नु पर्नेछ।

### ७. प्रस्तावको वस्तुस्थिति बारे जानकारीः

प्रस्ताव दाताले सामूहिक रूपमा अन्य संस्था/फर्म/कम्पनीहरूसँग साझेदारी वा संयुक्त उपक्रममा ठेक्का गर्न खोजेको भए यस्तो प्रस्तावित संगठनको विस्तृत विवरण दिनु पर्नेछ। यस्तो साझेदारी संस्था/फर्म/कम्पनी मध्ये कुन संस्था/फर्म/कम्पनीले नेतृत्वदायी भूमिका निर्वाह गर्ने हो र यस प्रस्तावका सम्बन्धमा दायित्व के, कसरी र कति कसले बहन गर्ने हो, सो समेत खुलाई सम्बन्धित सबै पक्षले प्रमाणित गरि पेश गर्नु पर्नेछ (सम्झौताको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ)।

### ८. प्रस्ताव मान्य हुने अवधिः

सिलबन्दी दरभाउ पत्र प्रस्तावको मान्य अवधि ४५ (पैँतालीस) दिनको हुनेछ। यस्तो अवधिको गणना सिलबन्दी दरभाउ पत्र पेश गर्ने अन्तिम मिति (सिलबन्दी दरभाउ पत्र खोलेको मिति) बाट प्रारम्भ हुनेछ। कार्यालयले सिलबन्दी दरभाउ पत्र खोलेपछि सिलबन्दी दरभाउ पत्र मान्य हुने अवधि बढाउनुपर्ने भएमा सो को कारण खुलाई आवश्यकतानुसार सिलबन्दी दरभाउ पत्र मान्य हुने अवधि बढाउन सक्नेछ। यसरी सिलबन्दी दरभाउ पत्रको अवधि बढाउँदा सिलबन्दी दरभाउ पत्र दाताको मन्जुरी लिइनेछ। मन्जुरी नदिने सिलबन्दी दरभाउ पत्र दाताको जमानत फिर्ता गरिनेछ। सिलबन्दी दरभाउ

पत्र को मान्य हुने अवधि बढाउन मन्जुर गर्ने सिलबन्दी दरभाउ पत्र दाताले सिलबन्दी दरभाउ पत्र जमानतको अवधि सिलबन्दी दरभाउ पत्र मान्य हुने अवधि बढाए जत्तिकै अवधि बढाउनु पर्नेछ।

**९. सिलबन्दी दरभाउपत्रको जमानतः**

प्रस्तावको फारामसाथ सिलबन्दी बापत रू. ३००००/- (अक्षरेपी तीस हजार रूपैयाँ मात्र) पोखरा प्राविधिक शिक्षालय, फूलवारी ,पोखरा-१२,कास्कीको नाममा रहेको राष्ट्रिय वाणिज्य बैक लिमिटेड महेन्द्रपुल शाखाको खाता नं. 3430100006466001 मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो बराबरको नेपाल स्थित 'क' वर्गको वाणिज्य बैकबाट जारी भएको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानतपत्र अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ। प्रस्ताव स्वीकृत नभएको खण्डमा प्रस्ताव दाताको विड बन्ड रकम प्रस्ताव स्वीकृत भएको प्रस्ताव दाताले परफरमेन्स बन्ड जम्मा गरि सेवा करार सम्झौता गरेपछि मात्र विड बन्ड फिर्ता दिईनेछ।

**१०. सुरक्षाकर्मीको लागि आवश्यक न्यूनतम योग्यताः**

सेवा करारमा लिनुपर्ने सुरक्षाकर्मीको आवश्यक शैक्षिक योग्यता अनुसूची-१ मा समावेश रहेको छ।

**११. सुरक्षा सम्बन्धी सेवामा खटिने सुरक्षाकर्मीले गर्नुपर्ने कार्यहरु;**

सेवा करारमा लिनुपर्ने सुरक्षाकर्मीको कार्य विवरण अनुसूची-२ मा समावेश रहेको छ।

**१२. ठेक्का सम्झौता बमोजिमको कार्य गर्नको लागि मुख्य मुख्य शर्तहरुः**

क) प्रस्तावदाता संस्था/फर्म/कम्पनी मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको हुनुपर्नेछ।

ख) प्रस्ताव दाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको पांच प्रतिशत सम्म र लागत अनुमानको ५ प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा ५ प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पांच प्रतिशतमा थप गरि हुन आउने रकम कार्यसम्पादन जमानत बापत कार्यालयले सिलबन्दी दरभाउपत्र स्वीकृत पत्रमा उल्लेख गरे बमोजिमको बैंकमा जम्मा गरि सो को सक्कल भौचर वा शिक्षालयको नाममा जारी गरिएको सम्झौता अवधि समाप्त हुने मिति भन्दा कम्तिमा ३ (तीन) महिना बढी अवधि भएको शर्त रहित बैंक जमानीको सक्कल प्रति पेश गर्नु पर्नेछ।

ग) करार बमोजिम कार्यालयमा कार्य गर्ने सुरक्षाकर्मीले आफुलाई तोकिएको काम, कर्तव्य र अधिकार बाहेकका अन्य कार्यहरू गर्न पाईने छैन।

घ) सुरक्षाकर्मीहरूको कार्य सम्पादनका सम्बन्धमा मासिक रुपमा ठेकेदारले आफ्नो तर्फबाट नियमित अनुगमन गर्नुका साथै कार्यालयबाट समेत जानकारी लिनुपर्नेछ।

ङ) कार्यालयबाट गरिने अनुगमन तथा सुपरिवेक्षणको क्रममा कुनै सुरक्षाकर्मीबाट जानी जानी त्रुटि पूर्ण कार्य भएको पाईएमा त्यसता सुरक्षाकर्मीको गलत कार्यबाट पुग्न गएको क्षति, सुधार गराउने जिम्मेवारी तथा त्यस्तो त्रुटि पूर्ण कार्यबाट शिक्षालयलाई भएको हानी नोकसानीको क्षतिपूर्तिको दायित्व समेत सम्बन्धित ठेकेदारको नै हुनेछ।

च) सुरक्षाकर्मीले आफूलाई तोकिएको जिम्मेवारी सम्पादन गर्ने सम्बन्धमा वा आफूलाई नतोकिएको जिम्मेवारी कुनै सुरक्षाकर्मीबाट जानी जानी त्रुटि पूर्ण कार्य गरेको पाईएमा पहिलो पटक क्षतिको मुल्यांकन अनुसार र दोस्रो पटक क्षतिको मूल्यांकनको दोब्बर रकम ठेकेदारबाट असुल उपर गरि सम्झौता समेत तोड्न सकिनेछ।

छ) ठेकेदारबाट नियुक्त सुरक्षाकर्मीहरूलाई श्रम ऐन २०७४, श्रम नियमावली, २०७५ तथा अन्य प्रचलित कानुन बमोजिम तथा नेपाल सरकारले समय समयमा तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी तह/पद अनुसार पारिश्रमिक, वार्षिक बृद्धी तथा प्रत्येक वर्ष १ महिनाको आधारभुत

पारिश्रमिक बराबरको चाडपर्व खर्च, संचयकोष, उपदान कोष, सामजिक सुरक्षा कोष (औषधोपचार/दुर्घटना बीमा सहित), सबै किसिमका विदा बापत सिर्जित हुने दायित्व, आवश्यक सरसामान तथा अन्य सुविधाहरू ठेकेदारले अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ। यसरी न्यूनतम पारिश्रमिक, चाडपर्व खर्च, सामजिक सुरक्षा कोष, सबै किसिमका विदा बापत सिर्जित हुने दायित्व, आवश्यक सरसामान तथा सुविधाहरू ठेकेदारले सम्बन्धित सुरक्षाकर्मीलाई उपलव्ध गराए/नगराएको विषयमा कार्यालयले सोको प्रमाणित कागजात माग गर्न सक्नेछ। सुरक्षाकर्मीले प्रत्येक वर्ष निवेदन दिई माग गरेका आधारमा वा निवेदन नदिएमा बडा दशैंमा पाउने गरी एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च रकम सुरक्षाकर्मीको बैंक खातामा भुक्तानी दिएको प्रमाण पेश गरेको आधारमा ठेकेदारलाई भुक्तानी दिइनेछ। (चाडपर्व खर्च रकम उपलब्ध गराई सकेको अवस्थामा कुनै कारणले ठेक्का रद्द गर्नु परेमा सो रकम दामासाहीको हिसाबमा पोखरा प्राविधिक शिक्षालयलाई ठेकेदारले उपलब्ध गराउनु पर्नेछ। साथै एक वर्षको अवधिमा सुरक्षाकर्मी परिवर्तन भई निजले सो रकम दाबी गरेमा उक्त अवधिको चाडपर्व खर्च रकम पोखरा प्राविधिक शिक्षालयको दायित्व हुने छैन ।)

ज) कार्यालयको काममा खटिएका सुरक्षाकर्मीहरूको कामको शिलशिलामा कुनै किसिमको दुर्घटना भएमा त्यस सम्बन्धी सम्पूर्ण जिम्मेवारी तथा जवाफदेहिता ठेकेदारको हुनेछ। ठेकेदारले काममा खटाउनु पूर्व सुरक्षाकर्मीहरूको औषधोपचार बीमा रु. १ लाख तथा दुर्घटना बीमा रु. ७ लाख समेट्ने गरि सामाजिक सुरक्षा कोषमा आवद्ध भई सो को प्रमाण पेस गर्नु पर्नेछ र नियमित रूपमा कोषको नियमानुसारको रकम जम्मा गर्नु पर्नेछ ।

झ) कार्यालयले निर्धारण गरेको हाजिरी व्यवस्था अनुसार कार्यालय आएको र गएको समय जनाउने गरि नियमित रूपमा ठेकेदारबाट नियुक्त सुरक्षाकर्मीहरूले हाजिर गर्नु पर्नेछ र सो को जानकारी कार्यालयमा गराउनु पर्नेछ। साथै कार्यालयले समय/समयमा आवश्यक निरीक्षण गर्न सक्नेछ ।

ञ) कार्यालयले तोके बमोजिम सम्बन्धित ठेकेदारले सुरक्षाकर्मीलाई काममा खटाउनुपर्ने छ । यसरी काममा खटाउँदा श्रम ऐनले तोकेको परिधिभित्र रही गर्नु/गराउनु पर्नेछ।

ट) सुरक्षाकर्मीहरूका लागि आवश्यक सामानहरू जस्तै-पोसाक, परिचय पत्र, रेनकोट, टर्च लाईट, गमबुट, छाता वर्षमा एक पटक एक सेट र आवश्यकता अनुसार खुकुरी/लठ्ठी, सुरक्षा उपकरण तथा संचार उपकरणहरू आदिको व्यवस्था ठेकेदारले नै गर्नु पर्नेछ। पोसाक तथा सुरक्षा उपकरण लगायतका सुविधाको लागि सिलबन्दी दरभाउ पत्र दाताले ओभरहेड रकममा समावेश गरि प्रस्ताव पेस गर्नु पर्नेछ ।

ठ) सुरक्षा सम्बन्धी सेवामा खटिने सुरक्षाकर्मीहरूलाई तोकिएको सिफ्टमा बस्ने ठाउँको व्यवस्था कार्यालयले गर्नेछ ।

ड) जिम्मेवारी प्राप्त गर्ने सुरक्षाकर्मीले आफूलाई सुम्पिएको कार्य राम्रोसँग गरेको छैन भन्ने शिक्षालयलाई लागेमा सो को लिखित सूचना सम्बन्धित ठेकेदारलाई दिईनेछ। त्यस्तो सूचना प्राप्त हुनसाथ ठेकेदारले सो व्यक्तिलाई हटाई अर्को उपयुक्त व्यक्तिको व्यवस्था गर्नु पर्नेछ ।

ढ) काम विशेष वा अस्वस्थताका कारण सुरक्षाकर्मीले कार्य गर्न नसकेको अवस्थामा कार्यसम्पादनमा अवरोध नहुने तथा कार्यालयले तोकेको समय सिमा र जिम्मेवारीमा असर नपुग्ने गरि सुचारु रूपमा कार्य सम्पादनको लागि अतिरिक्त सुरक्षाकर्मीको व्यवस्था ठेकेदारलेनै गर्नु पर्नेछ। यसको लागि जम्मा सुरक्षाकर्मीको २० (बिस) प्रतिशत थप सुरक्षाकर्मीहरू तोकिएको योग्यता, क्षमता, दक्षता र तालिम प्रदान गरि जगेडामा राखि सो को विवरण करार गर्दाको समयमा नै सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

ण) ठेकेदारबाट कुनै रकम असुल गर्नुपर्ने भएमा त्यस्तो रकम निजले पेश गरेको धरौटी र परफरमेन्स बन्डबाट असुल उपर गरि लिईनेछ। त्यसबाट पनि अपुग हुने रकम सरकारी बाँकी वक्यौता सरह असुल उपर गरि लिईनेछ ।

त) कार्यालयका कर्मचारीको उपस्थितिमा बाहेक कार्यालय बन्द रहेको अवस्थामा अनुमति बिना कार्यालयको ढोका खोली कुनै कार्य गर्न पाईनेछैन ।

थ) कार्यालयले उपलब्ध गराएको अवस्थामा बाहेक सुरक्षाकर्मीले कार्यालयको कर्मचारीले प्रयोग गर्ने टेवल, मेच, उपकरण आदि प्रयोग गर्न पाउनेछैन ।

द) आफ्नो जिम्मामा रहेको उपकरण तथा सामग्री बाहेक कार्यालयको अनुमति वेगर कार्यालयको कुनै मालसामान प्रयोग गर्न वा लैजान पाईने छैन। आफ्नो जिम्मामा रहेका उपकरण तथा सामग्रीहरु समेत कार्यालयको प्रयोजन बाहेक अन्य उपयोगमा ल्याउन पाईने छैन र त्यस्ता उपकरणहरुको सुरक्षा गर्ने जिम्मेवारी समेत सुरक्षाकर्मीको नै हुनेछ।

ध) प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले सम्झौताको अवधि तथा सो पश्चात ठेकेदारको तर्फबाट नियुक्त सुरक्षाकर्मीहरुले पोखरा प्राविधिक शिक्षालयमा कार्य गरेकै आधारमा यसै कार्यालयमा काम गरि पाउन वा सुविधा र शर्तहरुको वृद्धिका सम्बन्धमा कार्यालय कम्पाउण्डभित्र थुनछेक, धर्ना, हड्ताल वा कलम बन्द गर्न पाईने छैन र अग्रिम जानकारी नगराई वा कार्यालयको स्वीकृति नलिई कुनै पनि अवस्थामा आफ्नो जिम्मेवारी अनुसारको कार्य बन्द गराउन पाईने छैन भन्ने व्यहोरा समेतको शर्त रहेको अनुसूची-५ वमोजिमको सक्कल करारनामा (सेवा प्रदायक र सुरक्षाकर्मीबीच भएको) समेत पेश गर्नुपर्नेछ।

न) प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले सम्झौता गर्दाको बखत सुरक्षाकर्मीको लागि प्रस्तावमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरूको प्रमाणित प्रतिलिपि कार्यालयमा पेश गर्नु पर्नेछ।

ऩ) कार्यमा खटिने सुरक्षाकर्मीको यस कार्यालयबाट तोकिएको फर्मेटमा फोटो र आवश्यक विवरणहरु (कार्यानुभव, तालिम सम्बन्धी प्रमाणपत्र, नागरिकता तथा शैक्षिक प्रमाणपत्र) सहित प्रमाणित कागजातहरू पेश गर्नु पर्नेछ।

प) सम्बन्धित कम्पनीले यस कार्यालयको कार्यमा खटाइने सुरक्षाकर्मीलाई सम्बन्धित कम्पनीको तर्फबाट सुरक्षाकर्मी परिचय पत्र जारी गर्नु पर्नेछ साथै पोखरा प्राविधिक शिक्षालयको हाताभा प्रवेश गर्न अस्थायी परिचय पत्र जारी गर्नु पर्ने भएमा सम्बन्धित कम्पनीको अनुरोधमा त्यस्तो अस्थायी परिचय पत्र जारी गरिनेछ।

फ) प्रस्ताव दाताले आफ्नो प्रस्ताव फिर्ता वा संशोधन गर्न चाहेमा प्रस्ताव दर्ता गर्ने अन्तिम मिति भन्दा २४ घण्टा अगावै गर्नु पर्नेछ।

ब) सुरक्षाकर्मीले पोखरा प्राविधिक शिक्षालयको चल अचल सम्पाति बिगारेमा, नासेमा वा हानी नोक्सानी हुने कुनै कार्य गरेमा त्यसको जिम्मेवारी ठेकेदारलेनै लिनुपर्नेछ। ठेकेदारले सो बापतको रकम भुक्तानी नगरेमा कार्यालयको तर्फबाट भुक्तानी गर्नुपर्ने रकम, रिटेंसन मनी तथा परफरमेन्स वण्ड जफत गरि असुल उपर गरिनेछ। त्यसबाट पनि अपुग हुने रकम सरकारी बाँकी बक्यौता सरह असुल उपर गरि लिइनेछ।

भ) सुरक्षाकर्मीले मादक पदार्थ, लागु औषध जस्ता पदार्थ सेवन गरि कार्य गरेमा वा अन्य जिम्मेवारीको काम लापरवाहीपूर्ण ढंगले काम गर्दा उत्पन्न हुने हानी नोकसानीको जिम्मेवारी ठेकेदारले नै लिइनुपर्नेछ।

म) सम्झौता पश्चात् सिलबन्दी दरभाउ पत्र दाताले उपलब्ध गराएका सुरक्षाकर्मीहरुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पोखरा प्राविधिक शिक्षालय पोखरा, कास्कीवाट रुजू गरि काममा खटाउन आदेश भएपछि मात्र खटाइनेछ।

य) ठेकेदार कम्पनीबाट आपूर्ति गरिएको सुरक्षाकर्मी, पोखरा प्राविधिक शिक्षालय पोखरा, कास्कीको प्रशासन शाखाको प्रत्यक्ष सम्पर्क र निगरानीमा रहनेछन। ठेकेदारले एक जनालाई सम्पर्क व्यक्तिको रुपमा तोक्नु पर्नेछ।

र) संयुक्त उपक्रम (Joint Venture) मा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने हो भने संयुक्त उपक्रममा सहभागी हुने पार्टनरहरु (बढीमा ३ वटा फर्महरु) को संयुक्त सहमति पत्रको Original Documents पेश गर्नु पर्नेछ भने सहमति पत्रमा सबै फर्महरुको आ-आफ्नो फर्मको छाप (Stamp) लगाएको र अधिकार प्राप्त अधिकारीको हस्ताक्षर गरेको हुनुपर्ने छ। साथै सबै फर्मले छुट्टाछुट्टै आ-आफ्नो फर्मको लेटर प्याडमा अधिकार दिएको व्यक्तिको हस्ताक्षरको नमुना र फर्मको छाप सहित पेश गर्नु पर्नेछ भने आ-आफ्नो फर्मको दर्ताको प्रमाण पत्र नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

**१३. सुरक्षा सेवा उपलब्ध गराउने कम्पनी/फर्मले गर्नुपर्ने कार्य:**

क) प्रत्येक सुरक्षाकर्मीलाई आवश्यक पर्ने नियमानुसारका अनुमति प्राप्त खुकुरी/लठ्ठि लगायतका हातहतियार, संचार साधन र वर्षमा एक पटक एक सेट पोशाक, परिचय पत्र, रेनकोट, टर्च लाईट, गमबुट, छाता आदिको व्यवस्था अनिवार्य रुपमा सिलबन्दी दरभाउपत्र दाता स्वयमले गर्नु पर्नेछ।

ख) कुनै सुरक्षाकर्मीले आफ्नो डिउटी राम्रोसंग गरेको छैन भन्ने कार्यालयलाई लागेमा सो को जानकारी प्राप्त भएपछी ठेकेदार कम्पनीले तत्काल अर्को व्यवस्था गर्नु पर्नेछ।

ग) काम विशेष र अस्वस्थताको कारणले पालो (सिफ्ट ड्युटी) मा रहेको सुरक्षाकर्मी काममा आउन नसकेको अवस्थामा अर्को सुरक्षाकर्मीको व्यवस्था तत्काल गर्नु पर्नेछ।

घ) सुरक्षाकर्मी सैनिक सेवा, प्रहरी सेवाबाट अवकाश प्राप्त वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट तालिम प्राप्त गरेको हुनु पर्नेछ। साथै सुरक्षाकर्मीको उमेर १८ वर्ष पुरा भएको र ५८ वर्ष (कमान्डरको हकमा ५५ वर्ष) ननाघेको हुनु पर्नेछ।

ङ) सुरक्षाकर्मीको नागरिकता, योग्यता र अनुभवको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

च) सिलबन्दी दरभाउ पत्र दाता कम्पनीले कार्यालयसँग सम्पर्क/समन्वय गर्न र खटाइका सुरक्षाकर्मीको कामको अनुगमन निरीक्षण गर्न १ (एक) जना छुट्टै निरीक्षक/कमान्डरको व्यवस्था गर्नु पर्नेछ र निजको योग्यता कम्तीमा एस.एल.सी. वा सो सरह उत्तीर्ण भइ नेपाली सेना/नेपाल प्रहरीको हवलदार वा सो भन्दा माथिल्लो पदबाट निवृत्त भएको हुनु पर्नेछ।

छ) दिनको २४ घण्टालाई ८/८ घण्टा गरि ३ सिफ्ट गर्नु पर्नेछ र सोहि बमोजिम सुरक्षाकर्मी रहने ब्यवस्था मिलाउनु पर्नेछ।

ज) ठेकेदारले आफ्नो सुरक्षाकर्मीहरूको सूची सहित कार्यतालिका बनाई प्रशासन महाशाखामा पेश गर्नु पर्नेछ। यदि कुनै सुरक्षाकर्मी परिवर्तन गर्नु परेमा त्यसको जानकारी कार्यालयमा ४८ घण्टा अगावै दिनुपर्नेछ। सुरक्षाकर्मी मध्ये कुनै बिरामी परि अनुपस्थित भएमा सो को काम नरोकिने गरि ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ।

झ) ड्युटीमा रहंदा सुरक्षाकर्मीहरु अनिवार्य रुपमा युनिफर्ममा हुनुपर्नेछ र सो को व्यवस्था सिलबन्दी दरभाउ पत्र दाता स्वयमले गर्नु पर्नेछ।

**१४. सिलबन्दी दरभाउ पत्र प्रस्ताव दाखिला गर्नेः**

प्रस्ताव दाताले उल्लेखसित समय सिमा भित्र नै प्रस्ताव दाखिला गर्नु पर्नेछ।

**१५. प्रस्ताव मूल्यांकनका आधारः**

सिलबन्दी दरभाउपत्र प्रस्तावदाताहरुबाट पेश भएको प्रस्तावको परिक्षण निम्न आधारमा गरिनेछ :

क) ग्राह्यताको/कानुनी योग्यताको परिक्षण

ख) पुर्णताको परिक्षण

ग) प्राविधिक पक्षको मूल्यांकन

घ) व्यापारिक पक्षको मूल्यांकन

ङ) आर्थिक पक्षको मूल्यांकन

**१६. प्रस्तावमा हुने भिन्नताको मुल्यांकनः**

यदि परिमाणको मुल्य पत्रमा उल्लेखित कुनै कार्य (आईटम) को कुल रकम र सोहि आईटमको कार्य परिमाणलाई कबुल गरेको इकाई दरले हिसाब गर्दा फरक पर्न गएमा इकाई दरले परिमाणलाई गुणा गर्दा आउने रकमलाई नै ठिक रकम मानी सच्याइनेछ र प्रस्तावमा लेखिएको कुल मूल्य सोही बमोजिम संशोधन हुनेछ। रकम उल्लेख गर्दा प्रति सुरक्षाकर्मी मासिक पारिश्रमिक अंक र अक्षरमा लेखिएको हुनुपर्नेछ।इकाई दरको आधारमा मूल्यांकन गरि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

**१७. सूचना पठाउने ठेगानाः**

प्रस्तावदाताले प्रस्ताव साथ निजलाई पत्र व्यवहार गर्न सजिलो हुने ठेगाना (म.न.पा./न.पा./गा.पा.,रोड न., घर न. आदि लोकेशन स्केच सहित) उल्लेख गर्नु पर्नेछ र सो ठेगानामा बुझाईएको वा रजिष्टरी डांकद्वारा पठाईएका पत्रहरु निज कहाँ समयमा नै पुगेको मानिने छ। साथै Fax No., E-mail Address उल्लेख गरेकोमा सोहि ठेगानामा e-mail वा Fax गरेमा सो समेत निजको ठेगानामा पुगेको मानिनेछ।

**१८. प्रस्ताव अस्वीकृत हुनेः**

निम्न कारणहरूबाट प्रस्ताव अस्वीकृत हुनेछ;

1. प्रस्ताव एउटाको नाममा खरिद भएको सिलबन्दी दरभाउपत्र अर्कोको नामबाट दाखिला भएमा।(संयुक्त उपकरणमा सिलबन्दी दरभाउपत्र पेश गर्दा संयुक्त उपकरणकै नामबाट सिलबन्दी दरभाउपत्र खरिद गर्नु पर्नेछ, एकल नामबाट सिलबन्दी दरभाउपत्र खरिद भई संयुक्त उपकरणमा सिलबन्दी दरभाउपत्र दाखिला गर्न मिल्ने छैन।)
2. माग गरिए अनुसारको विडबन्ड (रकम वा बैंक ग्यारेन्टी तथा अवधि) प्रस्ताव साथ संलग्न नभएमा।
3. प्रस्ताव फाराम र सो साथ संलग्न परिमाणको मुल्यपत्र तथा अन्य निर्दिष्ट ठाउँमा प्रस्तावदाताको सही र छाप नभएमा
4. प्रस्ताव हुलाक, कुरियर वा अन्य यस्तै माध्यमबाट प्राप्त हुन आएमा।
5. एउटै प्रस्तावदाताले आफ्नो र अरुको नामबाट समेत एक भन्दा बढी प्रस्ताव दाखिला गरेमा।
6. प्रस्तावदाताले प्रस्तावसाथ कुनै शर्त राख्न नपाउने हुँदा त्यस्तो थप शर्त उल्लेख गरि प्रस्ताव दाखिला हुन आएमा।
7. प्रस्ताव तोकिएको मिति र समयभित्र दाखिला नगरी पछी दाखिला हुन आएमा।
8. सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्न अधिकार प्राप्त अधिकारीबाट प्राप्त अख्तियारनामा संलग्न नभएमा।
9. सुरक्षाकर्मीको श्रम ऐन, २०७४ तथा नेपाल सरकारले समय समयमा तोकेको न्युनतम पारिश्रमिक भन्दा घटी रकम कबोल गरेमा। (न्युनतम पारिश्रमिकमा आधारभूत पारिश्रमिक, महंगी भत्ता, १ वर्ष पुरा भएपछी पाउने वार्षिक तलव वृद्धि (ग्रेड), चाडपर्व खर्च, साप्ताहिक बिदा रकम, सार्वजनिक बिदा रकम, घर बिदा रकम, विरामी बिदा रकम साथै सामाजिक सुरक्षा कोष संचय कोष उपदान सहितको एकमुष्ट रकम समावेश भएको हुनुपर्ने)
10. संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) मा काम गर्ने ठेकेदारले संयुक्त लगानी सम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपी पेश नगरेमा।
11. सेवा प्रदायकको व्यवस्थापन खर्च (ओभरहेड) रकमको महलमा सेवा प्रदायकको व्यवस्थापन खर्च, सुरक्षाकर्मीलाई उपलब्ध गराउन पर्ने नियमानुसारका अनुमति प्राप्त खुकुरी लगायतका हातहतियार, संचार साधन, लाठ्ठी, पोशाक, रेनकोट, टर्चलाईट, गमबुट, भाँडा वर्तन, लगेज, मसलन्द तथा भैपरी रुपमा उपलब्ध गराउनुपर्ने किरिया बिदा, सुत्केरी बिदा लगायत श्रम ऐनले तोकेका अन्य सुविधाहरु र नियमानुसार लाग्ने करको लागि हुने खर्च समेत समावेश हुने गरी आधारभूत पारिश्रमिक तथा सुविधा बापतको रकमको ४ (चार) प्रतिशत भन्दा घटी र ५ (पाँच) प्रतिशत भन्दा बढी भएमा प्रस्ताव अस्विकृत हुनेछ।
12. यस सिलबन्दी दरभाउपत्र कागजातमा अन्यत्र उल्लेख भएका अन्य सारभूत शर्तहरु पुरा नभएमा।
13. सिलबन्दी दरभाउपत्र दाता यस भन्दा पहिले सिटिईभिटी, नेपाल सरकार, सार्वजनिक कार्यालय वा सम्बन्धि दातृ निकायबाट कालो सुचीमा परेको भएमा।

**१९. प्रस्तावित रकम समान भएमाः**

यदि प्रस्तावदाताहरुले कबोल गरेको रकम (दरभाउप्रदाताहरू एक भन्दा बढीले कवोल गरेको न्युनतम अंक) समान भएमा गोला प्रथा विधिबाट छनोट गरिनेछ|

**२०. प्रस्ताव रद्द गरिने:**

यदि प्रस्तावदाताले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रस्ताव दर्ता गर्न अवरोध खडा गरेमा वा प्रस्ताव स्वीकृत गर्न दबाब दिएमा प्रस्ताव रद्द गरिनेछ।

**२१. करहरु व्यहोर्ने:**

प्रस्तुत प्रस्ताव अनुसार सेवा करारमा गर्ने कामका लागि लाग्ने करहरु निम्न अनुसार हुनेछ।

क) मुल्य अभिबृदी कर (VAT): ठेकेदारको प्रत्येक रनिंङ विल (मासिक बिल)मा मुल्य अभिवृद्धि कर (भ्याट) रकम भुक्तानी गरिने छ र भुक्तानी प्राप्त गरेको मुल्य अभिवृद्धि कर (भ्याट) रकम ठेकेदारले नेपाल सरकारको आन्तरिक राजश्व कार्यालयमा नियमानुसार दाखिला गर्नुपर्नेछ। उक्त मुल्य अभिवृद्धि कर प्रस्ताव वा सिलबन्दी दरभाउपत्र र बिलमा प्रष्टसंग उल्लेख भएको हुनु पर्नेछ।

ख) श्रोतमा कर कट्टी (TDS): नेपाल सरकारको नियमानुसार ठेक्का बिल रकमबाट श्रोतमा कर कट्टी (TDS) गरिने छ।

ग) अन्य करहरुः माथि उल्लेखित करको अतिरिक्त प्रचलित ऐन, कानुन अनुसार लाग्ने अन्य करहरु सबै ठेकेदारले नै व्यहोर्नु पर्नेछ।

**२२. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना:**

प्रस्तावको मूल्यांकन भईसकेपछी सारभूतरुपमा प्रभावग्राही सिलबन्दी दरभाउपत्र दाताको प्रस्ताव स्वीकृतिको लागि छनौट गरि स्वीकृति गर्ने आशयको सूचना प्रकाशित गरिनेछ। चित्त नबुझ्ने सिलबन्दी दरभाउपत्र दाताले सूचनामा तोकिएको म्याद भित्रै पुनरावलोकनको लागि आवेदन गर्न सक्नेछन। यसरी पुनरावलोकनका लागि आवेदन प्राप्त भएमा पोखरा प्राविधिक शिक्षालय पोखरा, कास्कीले सो उपर आवश्यक छानविन गरि आवश्यक निर्णय गर्नेछ।

**२३. स्वीकृत भएको पत्र (Notification of Award):**

प्रस्ताव स्वीकृत भईसकेपछी सम्बन्धित प्रस्तावदातालाई प्रस्ताव स्वीकृत भएको पत्र (Notification of Award) दिईने छ। यस पत्रमा सेवा करार सम्झौता गर्नको लागि परफरमेन्स बन्ड सहित कार्यालयले तोकेको समयावधि भित्रमा ठेक्का सम्झौता गर्न आउन जानकारी दिईनेछ र निर्धारित समयमा नआएमा विडबन्ड जफत गरि नियमानुसार कारवाही गरिनेछ।

**२४. कार्यसम्पादन जमानत (परफरमेन्स बन्ड):**

प्रस्तावदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशत भन्दा कम अंक कवुल गरेमा कवुल अंकको पाँच प्रतिशत सम्म र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कवुल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पांच प्रतिशतमा थप गरि हुन आउने रकम कार्यालयले सिलबन्दी दरभाउपत्र स्वीकृति पत्रमा उल्लेख गरे वमोजिमको बैंकमा जम्मा गरि सो को सक्कल भौचर वा कार्यालयको नाममा जारी गरिएको सो रकम बराबरको शर्त रहित बैंक जमानीको सक्कल पत्र साथ सम्झौता गर्न आउनु पर्नेछ। यसरी पेश गर्ने कार्यसम्पादन जमानतको अवधि सम्झौता अवधि समाप्त हुने मिति भन्दा तिन महिना बढी हुनुपर्नेछ। साथै नेपाल सरकारले समयानुसार न्युनतम वेतन वृद्धि गरेको अवस्थामा ठेक्का रकम बृद्दी हुन गएमा सो वृद्धि भए अनुसारको थप कार्यसम्पादन जमानत सम्झौता अवधिभरको लागि पेश गर्नुपर्नेछ।

**२५. प्रस्ताव स्वीकृत:**

कुनै कारण जनाई वा नजनाई प्राप्त प्रस्ताव सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार शिक्षालयमा सुरक्षित रहनेछ।

**२६. भुक्तानी सम्बन्धित व्यवस्था:**

सम्पन्न कार्यको भुक्तानी गर्ने तरिका निम्न अनुसार हुनेछ–

क) सुरक्षाकर्मीहरुको मासिक हाजिरी विवरण संलग्न गरी भ्याट बिल सहित भुक्तानीको लागि निवेदन दिनुपर्नेछ। प्रत्येक महिना सुरक्षाकर्मीको सुपरीवेक्षण गर्ने पोखरा प्राविधिक शिक्षालयका पदाधिकारीको सिफारिसमा सम्बन्धित शिक्षालय प्रमुखले प्रमाणित गरको सुरक्षाकर्मीहरुको मासिक हाजिरी तथा विदाको विवरणका आधारमा मासिक रुपमा तोकिए अनुसार भुक्तानी गरिनेछ। शिक्षालयबाट गरिने भुक्तानी सम्बन्धित कम्पनीको नाममा A/C Payee चेक वा Inter Bank Payment System (IPS) बाट मात्र गरिनेछ ।

ख) उपरोक्त (क) बमोजिम भुक्तानीको लागि सिफारिस गर्दा सुरक्षाकर्मीको सुपरिवेक्षण गर्ने पदाधिकारीले तत्काल अघिल्लो महिनाको पारिश्रमिक भुक्तानी गर्दा ठेकेदार/आपूर्तिकर्ताले परिषद् बाट भुक्तानी पाएको सात दिन भित्र सम्बन्धित सुरक्षाकर्मीको बैंक खातामा जम्मा गरेको निस्सा लिएर मात्र गर्नुपर्नेछ र भुक्तानी दिने पदाधिकारी समेतले यसै आधारमा मात्र भुक्तानी दिनुपर्नेछ ।

ग) भुक्तानी गर्दा बिल रकमको ५ प्रतिशतले हुन आउने रकम सुरक्षण धरौटी बापत कट्टी गरी राखिने छ।यस्तो धरौटी रकम सम्झौता अवधि समाप्त भएको ३ (तीन) महिना पछि र निजले सेवा दिएको आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र पेश गरेपछि निज ठेकेदारलाई फिर्ता दिइनेछ ।

घ) नेपाल सरकारवाट लागु भएको श्रोतमा कर कट्टी (TDS) लगायत प्रचलित अन्य कर प्रत्येक बिलबाट कट्टा गरिने छ । कार्यालयबाट गरिने भुक्तानी सम्बन्धित कम्पनीको नाममा मात्र गरिनेछ ।

ङ) कार्यालयको सम्बन्धित सुपरीवेक्षकले प्रत्येक ६/६ महिनामा सुरक्षाकर्मीको कार्य सम्पादनका सम्बन्धमा आफ्नो राय कार्यालय प्रमुख समक्ष पेश गर्नेछ र सो को जानकारी प्रादेशिक कार्यालय मार्फत ठेकेदारलाई गराइनेछ ।

च) यो प्रस्तावको विभिन्न बुँदाहरुमा भएको प्रावधान विपरीत कार्य भएमा क्षतिपूर्ति कट्टा गर्न वा भुक्तानी नदिन सकिनेछ।

छ) ठेकेदारले प्रत्येक सुरक्षाकर्मीलाई बैंकमार्फत निजकै खातामा पारिश्रमिक दिएको बैंक भौचर/स्टेटमेन्ट वा प्रमाण पेस गर्नुपर्नेछ।अघिल्लो महिना सुरक्षाकर्मीलाई पारिश्रमिक तथा अरु सुविधा उपलब्ध गराएको प्रमाण पेस भए पछि मात्र अर्को महिनाको बिल भुक्तानी गरिनेछ ।

ज) ठेकेदारले आफूले आपूर्ति गरेका सुरक्षाकर्मीलाई पारिश्रमिक लगायत मुल्यपत्र (BOQ) मा प्रस्ताव गरेका सबै सुविधा समेत अनिवार्यरुपमा उपलब्ध गराउनु पर्नेछ ।

झ) ठेकेदारलाई भुक्तानी दिएको ७ दिन पछिसम्म पनि सुरक्षाकर्मीलाइ पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध नगराएमा ठेकेदारको नाममा पेश्की देखाई सोझै सुरक्षाकर्मीको बैंक खातामा उपलब्ध गराई सोको जानकारी ठेकेदारलाई दिई पेश्की फछ्यौटको कागजात पेश गर्न लगाउन सकिनेछ ।

ञ) आपूर्तिकर्ता/ठेकेदारले श्रम ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोषमा अनिवार्य रुपमा दर्ता भई सो कोषको नियमानुसारको रकम जम्मा गर्नुपर्नेछ ।

ट) सञ्चित विदा बापतको रकम करार सम्झौता भएको एक बर्ष पूरा भएपछि ठेकेदारले सुरक्षाकर्मीलाई भुक्तानी गरेको प्रमाणित कागजात सहित पेश गरेपछि एकमुष्ठ रकम सोधभर्ना दिईनेछ । उक्त सञ्चित विदाको अभिलेख सम्बन्धित कार्यालयको प्रमुख र प्रशासन प्रमुखले प्रमाणित गरी पेश भएको हुनुपर्नेछ ।

ठ) चाडपर्व खर्च बापत प्रत्येक वर्ष कामदारको मुख्य चाड पर्वमा निवेदनका आधारमा वा निवेदन नदिएमा बडादशैंमा सुरक्षाकर्मीको बैंक खातामा भुक्तानी दिएको प्रमाण पेश गरेको आधारमा ठेकेदारलाई भुक्तानी दिइनेछ।

ड) शर्त बमोजिम सुरक्षाकर्मीलाई भुक्तानी भए नभएको विषयमा पहिलो पक्षले नियमित रुपमा भुक्तानी गरेको कागजातहरु हेर्न, जाँच गर्न र नभएको भए सो बमोजिम निर्देशन दिन वा ठेकेदारको बिलबाट कट्टा गरी सोझै सुरक्षाकर्मीको बैंक खातामा उपलब्ध गराउन सक्नेछ। बिल भुक्तानी गर्न बाँकी नरहेको वा बिल रकमबाट नपुग्ने अवस्था भए ठेकेदारको रिटेन्सन मनीबाट कट्टा गरी सोझै सुरक्षाकर्मीको बैंक खातामा उपलब्ध गराई सोको जानकारी ठेकेदारलाई दिन सक्नेछ ।

ढ) यो प्रस्तावको विभिन्न बुँदाहरुमा भएको प्रावधान विपरित कार्य भएमा क्षतिपूर्ति कट्टा गर्न वा भुक्तानी नदिन सकिनेछ।

**२७. कार्य सम्पन्न गर्नुपर्ने अवधिः**

प्रस्तावदाताले सेवा करार सम्झौता भई कार्य आरम्भ पत्र प्राप्त गरेपछि सोहि बमोजिमको जनशक्ति तोकिएको समयमा आपूर्ति गराई सक्नुपर्नेछ।

**२८. परिचयपत्र बनाउनु पर्नेः**

ठेकेदार मार्फत पोखरा प्राविधिक शिक्षालय पोखरा, कास्कीको सुरक्षा सम्बन्धी कार्यमा राखेका सुरक्षाकर्मीको बायोडाटा, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिको आधारमा कम्पनीको सुरक्षाकर्मीहरूलाई सम्बन्धित कम्पनीले परिचय पत्र अनिवार्य रुपमा जारी गर्नुपर्नेछ। ठेकेदारबाट नियुक्ति भएका त्यस्ता सुरक्षाकर्मीहरूलाई कार्यालय हाताभित्र प्रवेश गर्न कार्यालयले अस्थायी पासको व्यवस्था आवश्यकतानुसार गर्नेछ। उक्त सुरक्षाकर्मीहरू हटेमा वा सम्झौता अवधि समाप्त भएपछी पूर्व जारी भएका पासहरु कार्यालयमा फिर्ता दाखिला गर्नुपर्नेछ। ठेकेदारले नियुक्त गरेका सुरक्षाकर्मी काम छोडि वा भागी गएमा सो को जानकारी तत्काल कार्यालयमा गराई रिक्त स्थानमा तत्काल अर्को सुरक्षाकर्मीको व्यवस्थापन गर्नुपर्ने छ।

**२९. सम्झौता तोड्न सक्नेः**

निम्न स्थितिमा सम्झौता तोड्न सकिने छ ;

क) खराब आचरणः

ठेकेदार वा निजले नियुक्ति गरेका सुरक्षाकर्मी वा व्यक्तिले ग्राहकसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यालयलाई हानी नोक्सानी हुने गरि रकम, उपहार वा अरु कुनै आर्थिक लाभ लिएमा खराब आचरण (Misconduct) गरेको मानिने छ र सो कुरा प्रमाणित हुन गएमा निजलाई सेवाबाट हटाउनुपर्नेछ। कार्यालयले निर्धारण गरे अनुसारको काम नगरेमा, सुरक्षाकर्मीले पालना गर्नुपर्ने आचरण पालना नगरेमा प्रचलित ऐन, विनियम अनुसार कारवाही गरिनेछ।उल्लेखित आचरण प्रमाणित भएमा सम्झौता तोड्न सकिनेछ तर ठेकेदार वा निजले खटाएका सुरक्षाकर्मीहरुले गरेको खराब आचरणको कारणले सम्झौता तोड्नु पर्दा ठेकेदारलाई सफाईको अवसर प्रदान गरिनेछ।

ख) Sub-Contracting:

ठेकेदारले सेवा करार सम्झौता गरिसकेपछि सो कार्य sub-contract मा दिन पाईने छैन। कार्यालयमा पेश गरिएका नामावली बाहेक अन्य व्यक्तिबाट कार्यालयको काम गराएको पाईएमा यस्तो ठेक्का तोडिनेछ र प्रचलित ऐन, नियम, विनियम अनुसार क्षतिपूर्ति भराई कारवाही गरिनेछ।

ग) सम्झौताका शर्त अनुसारको कार्यः यो सेवा करार सम्झौताको शर्त अनुसार काम शुरु नगरेमा वा बिचमा छाडेमा वा सेवा करार सम्झौता अनुसार काम नगरेमा सम्झौता तोड्न सकिनेछ र सो बाट पोखरा प्राविधिक शिक्षालयलाई पर्न गएको क्षति सम्बन्धित ठेकेदारबाट असुल उपर गरिनेछ।

घ) कार्य अवधिमा ढिलाईः सेवा करार सम्झौतामा तोकिएको समयमा सुरक्षाकर्मी उपलब्ध नगराएमा ठेकेदारलाई लिखित सूचना दिई सम्झौता तोड्न सकिनेछ। यसबाट पर्न गएको हानी नोक्सानी यो सम्झौता तथा प्रचलित कानुन अनुसार ठेकेदारबाट असुल उपर गरिनेछ।

ङ) सेवाग्राहीबाट वा अन्य व्यक्तिबाट पटक पटक कार्य सम्पादन नभएको गुनासो आएमाः समयमा नै गर्नुपर्ने कार्य नगरेको भन्ने गुनासो प्राप्त हुन आएमा ठेकेदारलाई उपस्थित गराई छानविन गरिनेछ र कार्य विवरण अनुसार गर्नुपर्ने कार्य नगरेमा वा हानी नोक्सानी भएको ठहर भएमा ठेकेदारको विल रकमबाट कट्टा गरि असुल उपर गरिनेछ। सो कार्यबाट पर्न गएको हानी नोक्सानीको क्षतिपूर्ति ठेकेदारले व्यहोर्नुपर्नेछ।यस्तो कार्य पटक पटक भएमा सम्झौता भंग गर्न सकिनेछ।

च) ठेकेदार कम्पनीबाट कार्यालयको सुरक्षामा खटिने सुरक्षाकर्मीहरुबाट निजको लापरवाही एवं प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नतामा कार्यालयको चल अचल सम्पतिको हानी नोक्सानी भएमा सो को हानी नोक्सानी सम्बन्धित ठेकेदारबाट असुल उपर गरि ठेक्का सम्झौता तोड्न सकिनेछ।

छ) कम्पनीको सुरक्षाकर्मीले पोखरा प्राविधिक शिक्षालयको विद्युत अनियमितता तथा चुहावट गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न वा सहयोग गरेको पाईएमा सो बाट हुन गएको क्षति तथा थप जरिवाना समेत सम्बन्धित ठेकेदारबाट असुल उपर गरि ठेक्का सम्झौता तोड्न सकिनेछ।

ज) कम्पनीले कार्यालयले तोके बमोजिमको कार्य गर्न जनशक्ति खटाउदा श्रम ऐन वा प्रचलित कानुनको पूर्ण रुपमा परिपालना हुने गरि खटाउनु पर्नेछ। सो सम्बन्धमा कुनै उजुरी वा दाबि विरोध भएमा सम्बन्धित ठेकेदार जवाफदेही हुनेछ।

**३०. काबु बाहिरको परिस्थितिः**

ठेकेदारले आफ्नो काबु बाहिरको कारण (जस्तै दैवी प्रकोप, बन्द, हडताल, भूकम्प, बाढी पहिरो, युद्द, नाकाबन्दी, विष्फोटन, महामारी, आदि) बाट कार्यालयको कार्य सम्पादनमा प्रभाव परेमा ठेकेदारले आफ्नो जिम्मेवारी पुरा नगरेको मानिने छैन तर त्यस्तो परिस्थितिको लिखित जानकारी तत्कालै कार्यालयलाई गराई कार्य सम्पादन गर्नको लागि गरिएको प्रयासका सम्बन्धमा समेत जानकारी गराउनु पर्नेछ।

**३१. सम्झौता अवधिमा मूल्य परिवर्तनः**

सम्झौता अवधिमा ठेकेदारले कार्यालयको कार्यको लागि कबुल गरेको दररेटको इकाईदर (प्रति सुरक्षाकर्मी) रकममा घटबढ हुने छैन । तर परिमाणको प्रयोग वा मागको आधारमा कुल कबोल गरेको रकममा थपघट हुनेछ। यसरी परिमाणमा भएको थपघटको कारणले कवोल रकममा भएको घटबढ समेत यसै सम्झौता बमोजिम भएको मानिनेछ। ठेक्का सम्पन्न भई कार्यान्वयनको क्रममा रहेकै अवस्थामा नेपाल सरकारले न्युनतम वेतन परिवर्तन गरि सुरक्षाकर्मीको पारिश्रमिक वृद्धि गरेमा वृद्धि भएको रकम ठेक्का रकम समायोजन हुनेछैन ।

**३२. सम्झौताको अवधि र नवीकरणः**

सम्झौताको अवधि एक आर्थिक बर्षका लागि हुनेछ। सेवा अवधिको कार्य सम्पादन सन्तोषजनक भएमा परिषद् कार्यालयलाई थप आर्थिक व्ययभार नपर्ने गरि थप गर्न सकिनेछ।

**३३. सम्झौताको वारेन्टी अवधि :**

ठेक्का सम्झौताको वारेन्टी (सुरक्षाकर्मीको सबै किसिमको दायित्व फरफारक गरि सक्नु पर्ने) अवधि ठेक्का सम्झौता भन्दा ३ (तीन) महिना बढी हुनेछ ।

**३४. कार्य सम्पादनको शिलशिलामा हुने अन्य क्षतीः**

कार्यालयको कामको शिलशिलामा ठेकेदारको तर्फबाट गरिने कार्यमा कुनै पनि किसिमको क्षति हुन गई सो को क्षतिपूर्ति तेस्रो पक्ष समेतलाई तिर्नुपर्ने भएमा ठेकेदार स्वयमले व्यहोर्नुपर्नेछ ।

**३५. कामको गुणस्तरः**

ठेकेदारले आफूलाई सुम्पिएको कार्य प्रस्तावमा उल्लेख भएका शर्त अनुसार अनुभवी एवं सक्षम सुरक्षाकर्मीबाट गुणस्तर युक्त कार्य सम्पादन गर्नु पर्नेछ ।

**३६. निषेधः**

ठेकेदार तथा ठेकेदारको तर्फबाट कार्यरत सुरक्षाकर्मीहरूले कार्यालयसँग सम्बन्धित कार्य गरेको आधारमा यसै कार्यालयमा काम गरि पाउन वा सुविधा र शर्तहरुको वृद्धिलाई लिएर कार्यालय कम्पाउण्डभित्र थुन छेक, धर्ना, हड्ताल वा कलम बन्द गर्न पाईने छैन । दैविक प्रकोपको अवस्थामा बाहेक अग्रिम जानकारी नगराई वा कार्यालयको स्वीकृत नलिई कुनै पनि अवस्थामा कार्यालयको नियमित कार्य बन्द गराउन पाईने छैन ।

**३७. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः**

ठेकेदारको काम कारबाहीलाई प्रभावकारी अनुगमन गर्न पोखरा प्राविधिक शिक्षालयको, प्रशासन शाखाका प्रमुखलाई जिम्मेवारी तोकिनेछ।सो कर्मचारीले ठेकेदारको काम कारबाही सन्तोष जनक रुपमा भैरहेको छ/छैन भन्ने विषयमा यस सम्झौतामा उल्लेख भए बमोजिम बिच बिचमा छड्के वा नियमित निरीक्षण गरि प्रतिवेदन पेश गर्ने छ । त्यस्तो निरीक्षणको क्रममा ग्राहक/सेवाग्राही समेतसंग प्रतिक्रिया लिन सक्नेछ।

**३८. विशेषाधिकार**

सुरक्षाकर्मीको कार्य सम्पादन सन्तोष जनक नभएमा वा विना सूचना ७ (सात) दिन सम्म कार्यालयमा पुरै वा आंशिक रूपमा सुरक्षाकर्मी आपूर्ति नगरेमा वा विना सूचना ७ (सात) दिन सम्म कार्यालयमा सुरक्षाकर्मी उपस्थित नभएमा कार्यालयले जुनसुकै बखत एकतर्फी ढंगबाट सम्झौता तोडी अर्को पक्षबाट कार्य गराउन सक्नेछ। यसरी कार्य गराउंदा ठेकेदारको वोल कवोल दररेट भन्दा बढी खर्च भएको फरक रकम ठेकेदारले बुझाएको परफरमेन्स बन्ड, रिटेंसन मनी र अन्य प्रचलित कानुन अनुसार असुल उपर गरिने छ। यसको जानकारी कार्यालयले ठेकेदारलाई दिनेछ।यस विषयलाई लिएर कार्यालयमा वाद-विवाद गर्न, काममा अवरोध गर्न वा अन्य निकायमा उजुरबाजुर गर्न पाईने छैन ।

**३९. यस सम्झौतासंग सम्बन्धित कानुनी शर्तहरुः**

यस सम्झौतासँग सम्बन्धित विषयमा कुनै पनि प्रकारको कानुनी कुराहरु उठ्न गएमा प्रस्तावमा उल्लेखित भएकोमा सोहि बमोजिम र नभएकोमा करार ऐन, २०५६ तथा अन्य प्रचलित ऐन, नियम तथा विनियम अनुसार हुनेछ ।

**४०. सुरक्षाकर्मीहरू खटाउने क्षेत्र:**

सम्झौता अनुसार आपूर्ति हुने सुरक्षाकर्मीहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम पोखरा प्राविधिक शिक्षालय पोखरा, कास्कीमा खटाइने छ।साथै कार्यालयको आवश्यकतानुसार पोखरा प्राविधिक शिक्षालयको कार्यक्षेत्र भित्र सुरक्षाकर्मीको कार्यक्षेत्र परिवर्तन गर्न सकिनेछ ।

अनुसूची -१

(सिलबन्दी दरभाउपत्र कागजातको दफा न. १० संग सम्बन्धित)

सुरक्षाकर्मीको आवश्यक न्युनतम योग्यताः

(क) सुरक्षा सेवामा खटिने सुरक्षाकर्मीको लागि आवश्यक न्युनतम योग्यता (कार्य अनुभव):

१. सुरक्षाकर्मी नेपाली नागरिक हुनु पर्नेछ।

२. सुरक्षाकर्मीको उमेर १८ (अठार) पूरा भई ५८ (अन्ठाउन्न) बर्ष (कमाण्डरको हकमा ५५ (पचपन्न वर्ष) ननाघेको, साधारण लेखपढ गर्न जान्ने, नेपाली नागरिक, मानसिक सन्तुलन ठीक भएको, फौजदारी अभियोगमा कसुरदार प्रमाणित नभएको, नेपाल सरकारको मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गरी निरोगी रहेको प्रमाणपत्र पेस गरेको हुनु पर्नेछ।।

३. सबै सुरक्षाकर्मीहरु सैनिक सेवा वा प्रहरी सेवाबाट अवकाश प्राप्त वा नेपाल सरकारको मान्यता प्रप्त संस्थाबाट तालिम प्राप्त गरि कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त व्यक्ति हुनु पर्नेछ।

४. सुरक्षाकर्मीको कमाण्डरको योग्यता कम्तिमा एस.एल.सी. वा सो सरह उत्तीर्ण भइ नेपाली सेना/नेपाल प्रहरीको हवलदार वा सो भन्दा माथिल्लो पदबाट निवृत्त भएको हुनु पर्नेछ।

५. माथि २, ३ र ४ मा उल्लेखित शर्त पुरा नभएमा सिलबन्दी दरभाउपत्र अस्वीकृत गर्न सकिने छ।

६. सुरक्षाकर्मीहरु शारिरिक तन्दुरुस्त, विश्वासिलो, भरपर्दो तथा मादक पदार्थ सेवन नगर्ने हुनु पर्नेछ।

अनुसूची-२

(सिलबन्दी दरभाउपत्र कागजातको दफा न. ११ संग सम्बन्धित)

सुरक्षा सेवामा खटिने सुरक्षाकर्मीले गर्नुपर्ने कार्यहरुः

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् पोखरा प्राविधिक शिक्षालयको कार्यालय भवन, स्टोर, आवास तथा अन्य संरचनाहरुमा पाले पहरा एवं सुरक्षा प्रदान गर्ने,

२. कार्यालयका कर्मचारीहरुलाई कार्यालयले जारी भएको परिचयपत्र हेरेर कार्यालयको हाता भित्र प्रवेश गर्न दिने,

३. कार्यालय बाहिरका अन्य व्यक्तिहरुलाई कार्यालय भित्र प्रवेश गर्न नदिने।तर कार्यालयको कामको शिलशिलामा आउने व्यक्तिलाई सम्बन्धित कर्मचारी तथा शाखा पदाधिकारीसंग एकिन गरि रजिष्टरमा निजको नाम, ठेगाना, भेट्न आएको कर्मचारी/कार्यालयको नाम, सम्पर्क नं. तथा आएको समय तथा हस्ताक्षर आदि स्पष्ट संग लेखेर मात्र कार्यालयमा प्रवेश गर्न दिने र निज व्यक्ति कार्यालय बाहिर निस्केपछी निस्केको समय समेत रजिष्टरमा स्पष्ट उल्लेख गरि हस्ताक्षर गराउने,

४. कार्यालय र ईमरजेन्सी सेवाका एम्बुलेन्स दमकल आदि बाहेक अन्य कार्यालय, व्यक्तिहरुका सवारी साधनहरु अधिकार प्राप्त अधिकारीको स्वीकृति विना प्रवेश गर्न नदिने,

५. विभिन्न ठेकेदार, ठेकेदारका कर्मचारीहरु र सप्लायर्सहरुलाई परिषद्बाट दिईएको अस्थायी गेटपास हेरी रजिष्टरमा लेखेर मात्र प्रवेश गर्न दिने,

६. पत्राकारहरु, संघसंस्थाका कर्मचारीहरु वा अरु कुनै व्यक्तिहरु कार्यालय प्रमुख वा अन्य कर्मचारीहरुलाई भेट्न आएमा कार्यालयका पदाधिकारीसंग एकिन गरि निजहरुको परिचयपत्र हेरी रजिष्टरमा जनाई मात्र प्रवेश गर्न दिने,

७. कार्यालय तथा स्टोर भित्र कुनै समान स्टोर गर्न ल्याएका अधिकार प्राप्त अधिकारीको स्वीकृति लिएर मात्र राख्न दिने ।कार्यालय वा स्टोर भित्रको कुनै सामान स्वीकृत गेट पास बिना उठाउन वा बाहिर लान नदिने।मर्मत गर्नका लागि लगिएका समान वा उपकरणहरु गेट पास अनुसारका समान भए/नभएको एकिन गरि मात्र बाहिर जान दिने,

८. कुनै पनि सवारी साधन कार्यालय तथा स्टोर क्षेत्रभित्र पसेको र बाहिर निस्केको समय टिप्ने तथा गाडीमा रहेका समानहरुको निरीक्षण गर्ने, गेट पासमा उल्लेखित सामान बाहेक अन्य सामान बाहिर लान नदिने,

९. कार्यालय तथा स्टोर क्षेत्रमा रहेका उपकरणहरु तथा सामानहरुको सुरक्षा गर्ने,

१०. मूल ढोका खोल्ने र बन्द गर्ने,

११. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् पोखरा प्राविधिक शिक्षालयको हाताभित्रका कार्यालयहरुमा प्रत्येक १/१ घण्टा (आवश्यकता अनुसार जतिबेला पनि) मा राउण्ड लगाउने र कार्यालय भित्रका सम्पूर्ण सामानहरुको जिम्मेवारीपुर्वक सुरक्षा गर्ने,

१२. अघिल्लो दिनमा भए गरेको कार्यहरु, घटना सम्बन्धी विवरण भोलिपल्ट बिहान ११:०० बजे कार्यालयको प्रशासन शाखालाई जानकारी गराउने,

१३. कार्यालय हाताभित्रका सवारी साधनहरुको उचित पार्किङको व्यवस्थामा सहजीकरण गर्ने,

१४. कार्यालय समय पश्चात सम्पूर्ण कार्यालयका कोठाहरुको ढोका, बत्ति, पंखा, धारा बन्द भए/नभएको हेरी बन्द नभएको भए बन्द गर्नु पर्ने।आफ्नो सिफ्टमा भएका कार्य र तोकिएको कार्य सम्पन्न नहुदै सिफ्ट परिवर्तन भएमा सो सम्बन्धी सिफ्ट ईन्चार्जलाई ड्यूटी चार्ज बुझाउनु पर्नेछ ।

१५. सुपरभाईजरले खटिएका सुरक्षाकर्मीहरुले सम्झौता अनुसारको कार्य गरे/नगरेको निगरानी राख्नु पर्नेछ तथा केही समस्या तथा जानकारी प्राप्त हुनासाथ तुरुन्त कार्यालयमा आई तोकिएको अधिकृतलाई सो सम्बन्धमा जानकारी गराउने,

१६. कार्यालय प्रवेश गर्ने व्यक्तिहरुको अभिलेख राखी आवश्यक मानिसहरुलाई मात्र प्रवेश दिने तथा अनावश्यक व्यक्तिलाई प्रवेश नदिने,

१७. गेटमा सुरक्षा दिने सुरक्षाकर्मीले आफ्नो ड्युटी समयमा अनिवार्य रुपमा तोकिएको पोशाक, परिचयपत्र लगाएर खुकुरी/सुरक्षा उपकरण तथा संचार उपकरण सहित ड्यूटी बस्नु पर्नेछ ,

१८. कार्यालय हाताभित्र वा बाहिर कुनै गैर कानुनी वा अप्रिय घटना भएमा वा हुने पुर्व जानकारी प्राप्त भएमा तत्काल प्रशासन शाखामा जानकारी गराउने र प्राप्त निर्देशन अनुसार नजिकको प्रहरी कार्यालयमा समेत जानकारी गराउने,

१९. कमान्डरले आफु मातहतका सुरक्षाकर्मीहरुलाई तोकिएको स्थानमा, तोकिएको समयमा ड्युटीमा खटाउनु पर्नेछ । सुरक्षाकर्मीहरुले आफ्नो ड्युटी जिम्मेवारीपुर्वक गरे/नगरेको निरीक्षण गर्नुपर्नेछ । जिम्मेवारीपुर्वक ड्युटी नगर्ने सुरक्षाकर्मीको सम्बन्धमा प्रशासन शाखामा र आपूर्तिकर्ता कम्पनीलाई यथासक्य चाडो जानकारी गराउनु पर्नेछ । सुरक्षा सम्बन्धी अन्य भैपरी आउने कार्यहरुका साथै कार्यालयले निर्देशन गरेका कुराहरुको पालना गर्नुपर्नेछ ।

२०. शिक्षालय प्रशासन शाखाले लाए अह्राएको अन्य भैपरी कामहरु गर्नुपर्नेछ ।

## अनुसूची-३

(सिलबन्दी दरभाउपत्र कागजातको दफा न. २९ (क) संग सम्बन्धित)

सुरक्षा सेवामा खटिने सुरक्षाकर्मीले पालना गर्नुपर्ने आचरणहरु :

१. पोखरा प्राविधिक शिक्षालयको काममा कुनै प्रकारको प्रतिकुल असर पर्ने गरि दान, उपहार, चन्दा वा आर्थिक सहायता लिन नहुने ।

२. समयको सही पालना र तोकिएको कार्यमा नियमितता हुनुपर्ने ।

३. राजनीतिक दलहरुले संचालन गरेको राजनैतिक क्रियाकलापमा सहभागी हुन नपाईने ।

४. कुनै किसिमको प्रदर्शन र हड्ताल तथा थुनछेक र घेराउ गर्न नपाईने ।

५. कार्यालयमा रहंदा अनुशासनको पालना तथा आज्ञापालन गर्नुपर्ने ।

६. परिषद्को हित विपरित हुने कुनै कार्य गर्न नहुने ।

७. सुरक्षाकर्मीले परिषद्को हाताभित्र ड्युटीमा रहंदा वा नरहँदा मादक पदार्थ सेवन गर्न नहुने ।

अनुसूची -४

(सिलबन्दी दरभाउपत्र कागजातको दफा नं. ६ संग सम्बन्धित)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

पोखरा प्राविधिक शिक्षालय, पोखरा, कस्की

आ.व. २०८३/०८४

सुरक्षा गार्ड सेवा करार २०८३।०६।०१ देखि २०८४ असार मसान्त सम्म

सिलबन्दी दरभाउपत्र नं. **CTEVT-PTS-SECURITY-E-BID-2083/084-01** (सुरक्षाकर्मी सेवा आपूर्ति सम्बन्धी)

का लागि मूल्यपत्र (Bill Of Quantity)

| क्र.सं. | शीर्षक | संख्या | कबोल इकाई दररेट(मासिक प्रति व्यक्ति) | | इकाई दररेट (१० महिनाको ३ जनालाई मात्र) |
|---|---|---|---|---|---|
| **क** | **मासिक पारिश्रमिक (मासिक रुपमा न्युनतम भुक्तानी गर्नुपर्ने रकम)** | | **अंकमा** | **अक्षरमा** | |
| १ | सुरक्षाकर्मीको मासिक आधारभुत पारिश्रमिक | 3.00 | 12170.000 | बाह हजार एक सय सत्तरी | 365,100.0000 |
| २ | मासिक भत्ता (महंगी भत्ता) | 3.00 | 7380.0000 | सात हजार तीन सय असि | 221,400.0000 |
| ३ | उपदान कोष (आधारभुत पारिश्रमिकको ८.३३%) | 3.00 | 1013.7610 | एकहजार तेह्र रुपैया र सात छ एक शुन्य पैसा | 30,412.8300 |
| ४ | संचयकोष (आधारभुत पारिश्रमिकको १०%) | 3.00 | 1217.0000 | एक हजार दुई सय सत्र | 36,510.0000 |
| ५ | सा.सु.कोष (पारिश्रमिकको १.६७%) | 3.00 | 203.2390 | दुई सय तीन रुपैया दुई तीन नौ शुन्य पैसा | 6,097.1700 |
| **ख** | **वास्तविक खर्चको आधारमा सोधभर्ना भुक्तानी हुने रकम** | | | | |
| १ | चार्डपर्व खर्च (वर्षमा एक महिनाको पारिश्रमिक बरावर) | 3.00 | 1014.1667 | एक हजार चौध रुपैया एक छ छ सात पैसा | 30,425.0010 |
| २ | साप्ताहिक विदा (शनिबार काममा लगाए बापत) श्रम ऐन २०७४ को दफा ३१ एवम् ४० अनुसार प्रत्येक हप्ता एक दिन | 3.00 | 2808.4800 | दुई हजार आठ सय आठ रुपैया चार सात छ सात पैसा | 84,254.4000 |
| ३ | सार्वजनिक विदा (अन्य सार्वजनिक विदामा काम लगाए वापत) श्रम ऐन २०७४ को ४१ अनुसार वार्षिक १३ दिन | 3.00 | 760.6300 | सात सय साठी रुपैया छ तीन पैसा | 22,818.9000 |
| ४ | घर बिदा (संचित घर बिदा बापत सृजित हुने दायित्व बापत) श्रम ऐन २०७४ को दफा ४३ अनुसार २० दिनको १ दिनका दरले जम्मा १८ दिन | 3.00 | 702.1200 | सात सय दुई रुपैया र एक दुई पैसा | 21,063.6000 |
| ५ | बिरामी बिदा (संचित बिरामी बिदा वापत सिर्जित हुने दायित्व बापत) श्रम ऐन २०७४ को दफा ४४ अनुसार मासिक १ दिनका दरले वार्षिक १२ दिन | 3.00 | 468.0800 | चार सय अठ्सटठी रुपैया शुन्य आठ पैसा | 14,042.4000 |
| **ग** | **जम्मा रकम रू.** | | 27737.4767 | सत्ताईस हजार सात सय सैत्तिस रुपैयाँ चार सात छ सात पैसा | 832,124.3010 |
| घ | व्यवस्थापन खर्च (ठेकेदारको ओभरहेड (क्र.सं. 'ग' को कम्तिमा ४ देखि ५% सम्म)) | | | | |
| ङ | जम्मा (क्र.सं. “ग” र “घ” को योग) | | | | |
| च | मूल्य अभिवृद्धि कर क्र.सं. “ङ” को १३% | | | | |
| छ | कुल जम्मा मु.अ. कर समेत (क्र.सं. “ङ” र “च” को योग) | | | | |
| अक्षरेपि | | | | | |

नोटः

१. सुरक्षाकर्मी आपूर्तिकर्ताले श्रम ऐन बमोजिम आधारभूत पारिश्रमिक सहित विदा र विदा वापतको सुविधा अनिवार्य रुपमा सुरक्षाकर्मीलाई उपलब्ध गराउनु पर्नेछः

| क्र.सं. | विवरण | गणनाको आधार |
|---|---|---|
| क) | साप्ताहिक विदा - प्रत्येक हप्ता १ दिन | श्रम ऐनको दफा ४० |
| ख) | सार्वजनिक विदा – बार्षिक १३ दिन | श्रम ऐनको दफा ४१ |
| ग) | घर विदा – २० दिनको १ दिनका दरले १८ दिन | श्रम ऐनको दफा ४३ |
| घ) | बिरामी विदा – बार्षिक १२ दिन | श्रम ऐनको दफा ४४ |
| ङ) | प्रसुती विदा – महिला श्रमिक सुत्केरी भएमा ६० दिन | श्रम ऐनको दफा ४५ |
| च) | प्रसुती स्याहार विदा – पुरुष श्रमिकको श्रीमती सुत्केरी भएमा १५ दिन | श्रम ऐनको दफा ४५ |
| छ) | किरिया विदा – १३ दिन | श्रम ऐनको दफा ४८ |

२. वर्ष भन्नाले १२ महिना र एक महिना भन्नाले ३० दिन मान्ने सर्वमान्य सिद्धान्त अनुसार तलब तथा अन्य सुविधा निर्धारण गरिएको छ।

३. कुनै सुरक्षाकर्मी नियमानुसार किरिया बिदा बसेको अवधिममा १३ (तेह्र) दिन तथा महिला सुरक्षाकर्मी नियमानुसार प्रसुती विदामा बसेको अवधिमा ६० दिन (२ महिना) अर्को सुरक्षाकर्मी व्यवस्था गरि तलब र सुविधा छुट्टै सोधभर्ना उपलब्ध गराउँनु पर्नेछ। सो प्रयोजनको लागि आवश्यक पर्ने रकम व्यवस्थापन खर्च (ओभरहेड) को महलमा समावेश गर्नु पर्नेछ।

४. सिलबन्दी दरभाउपत्र दाताले श्रम ऐन २०७४, श्रम नियमावली २०७५ तथा अन्य प्रचलित कानुन र नेपाल सरकाले तोके बमोजिम सुरक्षाकर्मीलाई उपलब्ध गराउनु पर्ने पारिश्रमिक, वार्षिक तलव वृद्धि, चाडपर्व खर्च, संचयकोष, उपदान, सामजिक सुरक्षाकोष (औषधोपचार/दुर्घटना बीमा सहित) वापतको रकम तथा सबै किसिमका बिदा, आवश्यक सरसामानहरू तथा अन्य सबै सुविधाहरू अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

५. श्रम ऐन २०७४ र नेपाल सरकाले तोके बमोजिम माथि उल्लेखित न्यूनतम पारिश्रमिक तथा अन्य सुविधाहरू र तोकिएको व्यवस्थापन खर्च (ओभरहेड) भन्दा कम रकम प्रस्ताव पेस भएमा उक्त सिलबन्दी दरभाउपत्र दाताको प्रस्ताव अस्वीकृत गरिने छ।

६. सेवा प्रदायकले परिमाणको मुल्यपत्र (BOQ) को व्यवस्थापन खर्च (ओभरहेड) महलमा बाहेक अन्य शीर्षकहरुको महलमा कुनै रकम थप घट, केरमेट, संशोधन वा परिवर्तन गर्न पाइने छैन|

७. परिमाणको मुल्यपत्रको सेवा प्रदायकको व्यवस्थापन खर्च (ओभरहेड) को महलमा सेवा प्रदायकको व्यवस्थापन खर्च, प्रत्येक सुरक्षाकर्मीलाई आवश्यक पर्ने नियमानुसारका अनुमति प्राप्त खुकुरी/लड्डी लगायतका हातहतियार, संचार साधन र वर्षमा एक पटक एक सेट पोशाक, परिचय पत्र, रेनकोट, टर्च लाईट, गमबुट, छाता तथा भैपरी रुपमा उपलब्ध गराउनुपर्ने किरिया बिदा, सुत्केरी बिदा लगायत श्रम ऐनले तोकेका अन्य सुबिधाहरुको लागि हुने खर्च समेत समावेश गरि प्रस्ताव पेस गर्नु पर्नेछ। उक्त रकमबाट सुरक्षाकर्मीहरुलाई ति सबै सामान तथा सुबिधाहरु उपलब्ध गराउनु पर्नेछ। सो बापत सुरक्षाकर्मीले पाउने रकमबाट कटाउन/लिन पाईने छैन।

८. परिमाणको मुल्यपत्रको सेवा प्रदायकको व्यवस्थापन खर्च (ओभरहेड) को महलमा प्रति सुरक्षाकर्मी प्रति महिना रकम अंक र अक्षरमा स्पष्ट रुपमा बुझिने गरि भर्नु पर्नेछ।उक्त रकम प्रति सुरक्षाकर्मी प्रति महिना आधारभूत पारिश्रमिक तथा सुविधा वापतको रकमको कम्तीमा ५ (पाँच) प्रतिशत भन्दा बढि नहुने गरि अनिवार्य रुपमा व्यवस्थापन खर्च (ओभरहेड) कबोल गर्नु पर्नेछ, ४ (चार) प्रतिशत भन्दा घटी व्यवस्थापन खर्च (ओभरहेड) कबोल गरेको पाईएमा प्रस्ताव अस्विकृत हुनेछ।

९. सेवा प्रदायकले व्यवस्थापन खर्च (ओभरहेड) रकम कबोल गर्दा दशमलव भन्दा पछि चार अंक सम्म राख्नु पर्नेछ। कुल रकम गणना गर्दा सोहि अनुसार दशमलव भन्दा पछि चार अंकको आधारमा गणना गरिनेछ। यदि दशमलव पछि चार अंकमा समावेश नगेको पाईएमा दरभाउप्त मान्य हुने छैन।

उपरोक्त अनुसारको दररेटमा कार्य गर्न मन्जुर छु/छौं।

सिलबन्दी दरभाउपत्र दाताको नाम :

ठेगाना :

सही :

मिति :

छाप :

अनुसूची-५

(सिलबन्दी दरभाउपत्र कागजातको दफा नं. १२ (ध) संग सम्बन्धित)

**करारनामा**

लिखितम……………… कार्यालयमा दर्ता भई (दर्ता नं...............) ...............जिल्ला ...............नगर/गाउपालिका वार्ड नं. ............... ठेगाना भएको ……………… संस्था/फर्म/कम्पनी (जसलाई यसपछि करारनामाको प्रथम पक्ष भनिएको छ) र ...............का नाति/नातिनी............................ को छोरा/छोरी...............जिल्ला ...............नगर/गाउपालिका वार्ड नं. ............... बस्ने बर्ष ………………(नागरिकता प्रमाण पत्र नं. ...............जिल्ला ............... ) भएको श्री...............(जसलाई यसपछि करारनामाको दोश्रो पक्ष भनिएको छ) बीच प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पोखरा प्राविधिक शिक्षालय सेवा करारको लागि अनुबन्ध हुने प्रयोजनको लागि हामी दुवै पक्षबीच स्वतन्त्र सहमति र मञ्जरीले ………………(फर्म/संस्था/कम्पनीको नाम) कार्यालयमा बसी यो करारनामा कागजात लेखी लेखाई सहीछाप गरी एक/एक प्रति बुझी लियौं/दियौं।

तपसिलः

१. प्रथम पक्षले दोस्रो पक्षलाई शिक्षालयको सेवामा सेवा करारमा लगाए बापत प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को ऐन, नियम, विनियमावली, निर्देशिका र कार्यविधिको विरुद्धमा कुनै काम कारवाही गर्ने छैन।

२. प्रथम पक्षले उपलब्ध गराएको सेवा सुविधा बाहेक दोस्रो पक्षले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको कार्य गरेकै आधारमा त्यसै कार्यालयमा काम गरी पाउन वा सुविधा र शर्तहरुको वृद्धि लगायत अन्य कुनै रै-रकम/कलम, दै-दस्तुर, दुर्घटना एवं चोटपटक उपचार खर्च तथा कुनै प्रकारको क्षतिपूर्ति आदि माग गरी तेस्रो पक्ष (प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्) समक्ष माग राख्ने, हडताल, थुनछेक, धर्ना, कलम बन्द, कार्य बन्द, दबाब दिने जस्ता अवाञ्छित क्रियाकलापमा प्रत्यक्ष र अप्रत्यक्ष रूपले संलग्न हुने छैन र अग्रिम जानकारी नगराई कार्यालयको स्वीकृति वेगर आफ्नो जिम्मेवारी अनुसारको कार्य बन्द गर्ने छैन।

सुरक्षाकर्मीको दस्तखत :

सुरक्षाकर्मीको पासपोर्ट साइज फोटो

दायाँ बाँया

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| फर्म/संस्था/कम्पनीको नाम : | नाम : |
| ठेगाना : | ठेगाना |
| दस्तखत : | दस्तखत : |
| फर्म/संस्था/कम्पनीको छाप : | मिति : |